केपिलासगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाक्सिला, खोटाङ
प्रदेश नं. १

प.सं. : ०७७।०७८

च.नं. :

मिति : २०७८।०३।१४

### विषय : फरफारक तथा भुक्तानी सम्वन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयसँग सम्झौता गरी सञ्चालन भएका विभिन्न योजना तथा कार्यक्रमहरुको फरफारक तथा अन्तिम भुक्तानीको लागि मिति २०७८ असार २४ गतेसम्ममा आवश्यक कागजात सहित यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० बमोजिम **आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्च अध्यवधिक गरी भुक्तानी र निकासा बन्द गर्नु पर्ने** भएकोले अषाढ २४ गते भित्र खर्च हुन नसकेको रकम फिर्ता भौचर सहित कोष तथा लेखा नियन्त्रक कार्यालय खोटाङमा पेश गर्नु पर्ने र भुक्तानी गरिएको कर कट्टी रकम कर कार्यालयमा दाखिला गर्नु पर्ने तथा आ.व. २०७७।७८ को आय-व्यय हिसाव मिलान गरी नेपाल सरकार, प्राकृतिक श्रोत तथा वित्त आयोग र प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्ने भएकोले **तोकिएको समय सीमा भन्दा पछाडि पेश हुन आएका भुक्तानीका फायलहरु उपर कुनै पनि कारवाही नगरिने** र भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा सम्वन्धित सवैमा जानकारी गराईन्छ ।

(राज कुमार खत्री)
आर्थिक प्रशासन प्रमुख

(छविलाल राई)
प्रमुख प्रशासकीय अधिकृत